## उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -१३२

आज मिति २०८२/०९/२८ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री होमनाथ दाहाल | सचिव | |

## उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १३२

**प्रस्तावहरु** मितिः २०८२/०९/२८

१. राष्ट्रिय रोजगार प्रवर्द्धनका लागि योजना छनौट तथा कामदार संख्या निर्धारण सम्बन्धमा।
२. गृहिणी महिला सशक्तिकरण कार्यक्रम सञ्चालन सम्बन्धमा।
३. विभिन्न कार्यविधिहरु अनुमोदन गर्ने सम्बन्धमा।
४. वडा नं.१ र ४ को प्रशासनिक भवन निर्माणका लागि बजेट व्यवस्थापन सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं १**

आ.व.२०८२/०८३ का लागि राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको संघीय सशर्त अनुदान तर्फ रोजगार आयोजना सञ्चालनको लागि ज्याला रकममा न्यूनतम रोजगारी उपलब्ध गराउनका लागि आ.व.२०८२/०८३ का लागि राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको कार्यान्वयन मार्गदर्शनको बुँदा नं ख को ७ बमोजिम हुने गरी न्यूनतम दैनिक पारिश्रमिक रु ७५४ दर प्रयोग गरी वडागत रुपमा प्राप्त भएको आयोजनाहरुका लागि तपसिल बमोजिमका संख्या सहित उक्त आयोजना स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने ।

तपसिलः-

| क.सं. | योजनाको नाम | वडा नं | संख्या | रकम |
|---|---|---|---|---|
| १ | दोभान देखि जिरो स्यार्पा खर्क कृषि सडकको नाली मर्मत सम्भार कार्यक्रम | वडा नं.१ | ५ जना | ३,७७,००० |
| २ | बोक्सी डाँडादेखि खड्कु पुछार हुँदै भदौरे सम्म गोरेटो बाटो निर्माण | वडा नं.२ | ४ जना | ३,०१,६०० |
| ३ | डाँडाबारी देखि फुन्जुखोला गोरेटो बाटो निर्माण आयोजना | वडा नं.३ | ४ जना | ३,०१,६०० |
| ४ | बनुवा घुम्ति कर्मिडाँडा चिउरीको बोट सडक सरसफाई तथा नाली व्यवस्थापन | वडा नं.४ | ४ जना | ३,०१,६०० |
| ५ | सिम्ले वेत्रावती उपल्लोपौवा गोरेटो बाटो निर्माण | वडा नं.५ | ४ जना | ३,०१,६०० |
| जम्मा | पन्ध्रलाख त्रियासी हजार चार सय रुपैया मात्र | | | १५,८३,४०० |

दाहाल
प्रमुख प्रशासकीय अधिकृत

## उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १३२

निर्णय नं २ मितिः २०८२/०९/२८

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको मिति २०८२ पौष २३ गतेको सूचना बमोजिम गृहिणी महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत मौरीपालन कार्यक्रम बजेट रु.१० लाखको सञ्चालन गर्ने जसमा कार्यक्रमको कुल लागत अनुमानको ८० प्रतिशत रकम बागमती प्रदेश सामाजिक विकास मन्त्रालयले र बाँकी २० प्रतिशत रकम उत्तरगया गाउँपालिकाको संस्थागत साझेदारी कार्यक्रम शीर्षकबाट खर्च गर्ने गरी बागमती प्रदेश सामाजिक विकास मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

निर्णय नं ३

कृषि विकास तथा पशु सेवा शाखा अन्तर्गतका स्वीकृत कार्यक्रमहरु सञ्चालनका लागि तपसिल बमोजिमका कार्यविधिहरु पारित गर्ने निर्णय गरियो।

तपसिल

१. रैथाने बाख्रा प्रवर्द्धन तथा विकास कार्यक्रम कार्यविधि,२०८२
२. उत्पादन विक्रीमा आधारित अनुदान वितरण कार्यविधि,२०८२
३. कृषक व्यवसाय पाठशाला तथा जलबायु मैत्री सिकाइ केन्द्र स्थापना सम्बन्धी कार्यविधि,२०८२

निर्णय नं.४

वडा नं १ र ४ को प्रशासकीय भवन निर्माणका लागि संघीय सरकार समपुरक अनुदान प्राप्त बजेटबाट कार्य अगाडी बढाई आ.व.२०८३/०८४ मा पनि सोही बजेटलाई निरन्तरता दिने र समपुरक अनुदान अन्तर्गत बजेट प्राप्त नभएको खण्डमा गाउँपालिकाको आन्तरिक श्रोतबाट बजेट व्यवस्थापन गर्ने गरी कार्य अगाडी बढाउने निर्णय गरियो।

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत